अनुसूचि-१

# सुचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र सुचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः सुन्तलाजात फलफूल विकास केन्द्र, पाल्पा

सूचना सार्वजनिक गरेको अवधिः २०८० माघ देखि २०८० चैत्र सम्म (तेश्रो त्रैमासिक)

## १. निकायको स्वरुप र प्रकृति

समग्र वागवानी क्षेत्रको विकासमा सेवा टेवा पुर्याउने, निजी क्षेत्रमा फलफूल बगैंचा स्थापनालाई बढावा दिई कृषकहरुको जीवनस्तर माथि उठाउने, प्राविधिक सेवा पुर्याउने उद्देश्य लिई वि.सं.२०२५ सालमा कृषि फार्म प्रयोगशालाको नाममा यस केन्द्रको स्थापना भएको हो। कृषि फर्म प्रयोगशालाको नाम वि.स. २०४९/५० मा नाम परिवर्तन भई वागवानी फार्म, पाल्पा हुदै २०६१/८/४ को निर्णयानुसार सुन्तलाजात फलफूल विकास केन्द्र को नामले सेवा पुर्याउदै आएको छ। यस फर्मबाट स्थापनाकाल देखि नै कृषकहरुलाई सर्वसुलभ दरमा गुणस्तरीय फलफूलका बिरुवा, तरकारीको बीउ तथा अन्य उत्पादित कृषिजन्य सामग्रीहरु उपलब्ध गराई सेवा पुर्याउनुको साथै प्राविधिक सेवा निःशुल्क प्रदान गर्दै आएको छ।

## २. निकायको काम, कर्तव्य र अधिकार

सुन्तलाजात फलफूलको विकासको क्षेत्रमा प्राविधिक निकायको रुपमा काम गर्नको साथै सरोकारवाला निकाय बिच समन्वय तथा तत् सम्वन्धी सम्पूर्ण जिम्मेवारी वहन गर्ने गरी यस केन्द्रको कार्य विवरण देहाय वमोजिम छ।

- फलफूल विकासका क्षेत्रमा फलफूलको सर्वाङ्गिण विकासका लागि उपयुक्त वातावरण श्रृजना गर्ने,
- गुणस्तरिय विभिन्न उन्नत जातका कलमी तथा विजु बिरुवा उत्पादन तथा विक्री बितरण,
- निजी स्तरमा फलफूल नर्सरी तथा व्यवसायिक फलफूल बगैंचाहरु स्थापनामा प्राविधिक सेवा पुर्याउने,
- नेपालको फलफूल क्षेत्रलाई प्रतिस्पर्धि बनाउँदै विद्यमान परिवेशमा पहिचान स्थापित गराउने,
- प्रदेश र स्थानीय तहमा फलफूल विकासका लागि सहकार्य र समन्वय गर्ने,
- यस केन्द्रको कार्यक्षेत्र भित्र रहेका नर्सरीहरुलाई गुणस्तरीय वेर्ना उत्पादनको लागि समन्वय, सहकार्य र नियमन गर्ने,
- नमूना सिकाई तथा विशिष्टकृत स्रोत केन्द्रको रुपमा काम गर्नुको साथै क्षेत्रफल विस्तार गर्न सहयोग गर्ने,

नि. बरिष्ठ वागवानी विकास अधिकृत

- फार्म केन्द्रहरुमा सफल भएका तथा व्यवसायिक रुपमा सफलसिद्ध फलफूलका जातहरु क्रमशः रजिष्ट्रेशनको लागि समन्वय गर्ने,
- प्यूठाने रातो मूलाको बीउ उत्पादन गर्ने,
- आलंकारिक फलफूलका विरुवाहरु उत्पादन गर्ने,
- फलफूल विकासका साझेदारहरुसंग सम्पर्क, समन्वय र सहकार्य सम्वन्धी कार्य,

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
राष्ट्रिय फलफूल विकास केन्द्र
सुन्तलाजात फलफूल विकास केन्द्र
पाल्पा

## ३. निकायमा रहने कर्मचारीको संख्या र कार्य विवरण

| पद | श्रेणी | जनशक्ति विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | दरवन्दी | पदपूर्ति | रिक्त | |
| स्थायी दरबन्दी | | | | | |
| व.बाग.वि.अ. | रा.प.द्वि.(प्रा.) | १ | १ | - | लामो अवधी घर बिदामा |
| बाग.वि.अ. | रा.प.तृ.(प्रा.) | १ | १ | - | |
| बा.सं.अ. | रा.प.तृ.(प्रा.) | १ | १ | - | PMAMP, PIU बाँके काज |
| प्रा.स. | रा.प.अनं.प्र.(प्रा.) | २ | २ | - | |
| लेखापाल | रा.प.अनं.प्र.(प्र.) | १ | - | १ | |
| खरिदार | रा.प.अनं.द्वि.(प्र.) | १ | १ | - | |
| ह.स.चा. | श्रेणीविहिन | १ | १ | - | करारमा |
| का.स. | श्रेणीविहिन | ३ | २ | १ | २ जना करारमा |
| करारमा | | | | | |
| बायोटेक्नोलोजिष्ट | रा.प.तृ.(प्रा.) | १ | १ | - | |
| टिस्युकल्चर ल्याव प्राविधिक | रा.प.अनं.प्र.(प्रा.) | १ | १ | - | |
| जम्मा | | १३ | ११ | २ | |
| ज्यामी | | २२ जना | | | दैनिक ज्यालादारी |

## ४. निकायबाट प्रदान गरिने सेवा

- सरकारी मापदण्ड अनुसारका सुन्तलाजातका फलफूल विरुवाहरु विक्री बितरण गर्ने (सुन्तला, जुनार, कागती)
- प्यूठाने मूलाको बीउ तथा तरकारीको बेर्ना विक्री बितरण गर्ने
- आलंकारिक फूलका विरुवा विक्री बितरण गर्ने (वोगेनवेलिया, लालुपाते, गुलाफ, सयपत्री, सिनेरिया आदि)
- ताजा फलफूल विक्री बितरण (आँप, सुन्तला, जुनार, कागती, कटहर, अम्बा, नास्पाती)
- प्रविधि पुस्तिका तथा लिफ्लेट प्रकाशन तथा वितरण
- प्राविधिक सेवा टेवा

नि. बरिष्ठ बागवानी विकास अधिकृत

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी

केन्द्र अन्तर्गतका शाखाहरु

| क्र.सं. | शाखा | पद | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १ | योजना शाखा | वागवानी विकास अधिकृत | शाखा प्रमुख |
| २ | | प्राविधिक सहायक | |
| ३ | प्रविधि विस्तार शाखा | वागवानी विकास अधिकृत | शाखा प्रमुख |
| ४ | | बाली संरक्षण अधिकृत | |
| ५ | | प्राविधिक सहायक | |
| ६ | आर्थिक प्रशासन शाखा | लेखापाल | शाखा प्रमुख |
| ७ | प्रशासन शाखा | खरिदार | शाखा प्रमुख |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस केन्द्रबाट प्रदान गरिने प्राविधिक सेवा निःशुल्क र सुन्तलाजात फलफूलका बिरुवा वा अन्य कृषिजन्य उत्पादित बस्तुहरुको नियमानुसार लाग्ने दस्तुर लिई प्रदान गरिने छ र सोको लागि सेवाको प्रकृति अनुसार तुरुन्तै वा वढीमा एक हप्ता वा सो भन्दा बढी समय लाग्नेछ। यस सम्बन्धी विस्तृत विवरण नागरिक बडापत्रमा उल्लेख गरिएको छ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस केन्द्रबाट निर्णय गर्दा विभागिय नीति निर्देशन, कार्यविधि, निर्देशिकाहरुलाई परिपालन गर्ने गरिएको छ। अधिकार प्रत्यायोजन भएका विषयहरुमा शाखा प्रमुखहरुबाट तत्काल निर्णय हुने व्यवस्था मिलाईएको छ भने कार्यालय प्रमुखबाट हुनु पर्ने निर्णयहरुको हकमा टिप्पणी प्रकृया अवलम्बन गरिन्छ। यसका अलावा केन्द्रको आन्तरिक कार्यहरु सम्पादनका लागि मासिक बैठकहरुमा समेत निर्णय गर्ने व्यवस्था मिलाईएको छ भने कतिपय विषयवस्तुलाई छिटो छरितो रुपमा सम्पादन गर्नुपर्ने अवस्थामा सेवाग्राहीको निवेदनमानै तोकआदेश गरी निर्णय प्रकृयालाई द्रुत तथा कार्यान्वयनलाई छरितो वनाउने व्यवस्था मिलाईएको छ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः कार्यालय प्रमुख

प्रचलित कानुन बमोजिम तोकिएको विषयमा सोही बमोजिम नै हुने छ भने अन्यको हकमा यस केन्द्रबाट गरिएका निर्णय उपर उजुरी गर्नु परेमा निर्णय गर्ने अधिकारी भन्दा एक श्रेणी माथीका अधिकारी समक्ष उजुरी गर्नु पर्ने छ। यसरी सेवाग्राहीले प्रत्यक्ष रुपमा निवेदन मार्फत वा कार्यालयमा व्यवस्था गरिएको उजुरी पेटिकामा आफ्नो गुनासो वा उजुरी दिन सक्ने छन्। प्राप्त उजुरीहरुलाई नियमित रुपमा संकलन तथा विश्लेषण गरी व्यवस्थापन गर्न गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।

नि. वरिष्ठ वागवानी विकास अधिकृत

## ९. सम्पादन गरेको कामको विवरण

| क्र.सं. | कार्यक्रम/कृयाकलाप | हासिल भएका मुख्य मुख्य उपलब्धीहरु/प्रतिफलहरु |
|---|---|---|
| १ | सुन्तलाजात फलफूल विरुवा उत्पादन | कलमी प्रयोजनको लागि कुल ९५.९८ के.जी. तीनपाते सुन्तलाको बीउ, १.८ के.जी. सिट्रेन्ज, ०.१३ के.जी. भोगटे, ०.८ के.जी. रंगपुर लाइम तथा ०.२५ के.जी. नाइटे ज्यामीर गरी जम्मा ९८.९६ के.जी. को नर्सरी राखि व्यवथापन कार्य भैरहेको। |
| | | सुनकागती-१ जातको जातको कागतीको ४.९६ के.जी. र स्थानिय कागतीको ७.५९ के.जी. (कुल २५.३९ के.जी.) बीउको नर्सरी राखि ब्यवस्थापन कार्य भैरहेको |
| | | बिजु बिरुवा उत्पादन प्रयोजनको लागि १७.८ के.जी. स्थानिय जातको सुन्तलाको बीउको नर्सरी राखि ब्यवस्थापन कार्य भैरहेको |
| २ | अन्य कृषि जन्य सामग्री विक्री | फलफूल विरुवा विक्री (कलमी कागती-७०० बोट, विजु कागती-१०५ बोट, कलमी सुन्तला-२७१ बोट, सुन्तला बिजु-१००२ बोट, एग्रो ब्याग सुन्तला- १६ बोट, किन्नो सुन्तला-९ बोट, उन्सु सुन्तला-२ बोट, स्क्रीन हाउसको सुन्तला-१४४ बोट, जुनार- ५४ बोट, ड्रागन फ्रुट-२ बोट)<br>जम्मा कागती- ८०५ बोट, सुन्तला-१४४४, जुनार- ५४ कुल जम्मा विरुवा-२३०३ बोट<br>ताजा फलफूल विक्री (कागती-२१२ के.जी., जुनार- १२०८ के.जी., सुन्तला-४६५ के.जी., उन्सु सुन्तला- ४०८, अम्बा-५ के.जी., आँप- १९७० के.जी., कटहल फल- १५८७ के.जी.)<br>प्यूठाने रातो मूलाको बिउ विक्री ३९.६५ के.जी.<br>आलंकारीक बिरुवा तथा पुष्प बिक्री (सयपत्री-४.५ के.जी., जिरानियम-३३ बोट, स्नेकप्लान्ट-७ बोट, सयपत्री फूल १११५, फिजुवा-१ बोट, हंसराज-१ बोट, गुलाफ-५ बोट)<br>तरकारी बेर्ना-१४५६९ वटा<br>बिबिध (चुक-११.४ केजी, केरा-१२ बोट, घाँस-५९ भारी, प्यूठाने रातो मूला-२४६ के.जी., बन्दा-१९९ के.जी., काउली-२४ के.जी.) |
| ३ | प्यूठाने रातो मूलाको बीज बृद्धि | बीजबृद्धि प्रयोजनको लागि ५०० ग्राम प्यूठाने रातो मूलाको प्रजनन बीउ को हार्बेटिङ्गको अवस्थामा रहेको । |
| ४ | Field Gene Bank स्थापना भएको | Field Gene Bank स्थापना भएको (सुन्तला/जुनार- किन्नो सुन्तला-१, ओतापोङ्कन सुन्तला-२, सिट्रेन्ज-१, मेरिसोल सुन्तला-२, सिक्किमे सुन्तला-१, पोन्सीरस पोमाइरो-१, उन्सु (ओकित्सुवासे)-२, उन्सु (मियागावावासे)-२, धनकुटा स्थानीय-२, कमला सुन्तला-२, स्थानिय सुन्तला-२, कालममन्द्रिन सुन्तला-२, बासखर्क सुन्तला-२, चिति लमजुङ्ग सुन्तला-१, स्याङ्गजा स्थानिय-२, माल्टा ब्लडरेड-२, वासिङ्गटन नेभल-२, टैगोर-१, भ्यालेन्सिया-१) कागती - युरेका लेमन-१, सुनकागती-१- १, सुनकागती-२ १ वटा, मुन्तला लाम्चो-१, तेह्रथुम स्थानीय-२, भोगटे गोर्खाली-२, कर्नाखट्टा लेमन-२)<br>सुन्तला/जुनार-३२ बोट र कागती-१२ बोट |
| ५ | | टिस्यू कल्चर ल्याबका छतमा ट्रस राखी पार्टिसन गर्ने कार्य अन्तिम अवस्थामा |
| ६ | | ट्रेल निर्माण, कम्पोष्ट खाडल निर्माण, गहा सुधार को निर्माण प्रक्रिया अन्तिम अवस्थामा |
| ७ | | स्थानिय तहमा कार्यरत प्राविधिकहरुलाई सुन्तलाजात बगैचा ब्यवस्थापन सम्बन्धी तालिम म्याग्दी), स्याङ्गजा, पाल्पा, गुल्मी र अर्घाखाँची जिल्लाका स्थानिय तहमा |

नि. बरिष्ठ बागवानी विकास अधिकृत

| क.सं. | कार्यक्रम/कृयाकलाप | हासिल भएका मूख्य मूख्य उपलब्धीहरु/प्रतिफलहरु |
|---|---|---|
| | | कार्यरत प्राविधिक) |
| ८ | | व्यवसायिक सुन्तालाजात बगैचाधनीहरु लाई बगैचा व्यवस्थापन सम्बन्धी तालिम स्याङ्गजा), पाल्पा, गुल्मी र अर्घाखाँची जिल्लाका व्यवसायिक बगैचाधनी कृषक) |
| ९ | | घुम्ती स्थलगत कृषक तालिम संचालन |
| १० | | फलफूल बगैंचा स्याहार संभार |
| ११ | | सुन्तलामा जर्मप्लाज्म संकलन तथा सम्वर्द्धन कार्य भैरहेको |
| १२ | | केन्द्र परिसरमा नमुना घरबारी बगैचा स्थापना तथा व्यवस्थापन कार्य भैरहेको |

१०. कार्यालय प्रमुख, गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको नाम र पद

कार्यालय प्रमुखः जोगेन्द्र कान्दु, नि.बरिष्ठ वागवानी विकास अधिकृत

गुनासो सुन्ने अधिकारीः जोगेन्द्र कान्दु, नि.बरिष्ठ वागवानी विकास अधिकृत

सुचना अधिकारीः अब्दुल सलाम मुसलमान, प्राविधिक सहायक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
राष्ट्रिय फलफूल विकास केन्द्र
सुन्तलाजात फलफूल विकास केन्द्र
पाल्पा

११. ऐन, नियम, विनियम र निर्देशिकाको सूचीः

- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- राष्टिय कृषि नीति, २०६१
- कृषि विकास रणनीति, २०७२
- फलफुल बिरुवा उत्पादन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०७३, पहिलो संसोधन २०७४
- बृहत सुन्तला अनुसन्धान विकास र बिस्तार कार्यक्रम संचालन कार्यविधि, २०७४
- कलमी काँठी प्रमाणीकरणका लागि जालीघर निर्माण कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६
- निजी फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम सञ्चालन आन्तरिक कार्यविधि, २०७७
- सुन्तलाजात फलफूल सम्बन्धी नर्मस्, २०७०
- कृषि प्रसार कार्यक्रम कार्यान्वयन प्राविधिक पुस्तिका आ.व.२०७८/७९

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

- राजश्व प्राप्ति (तेश्रो त्रैमासिक) - ६१,१३०.०
- हाल सम्मको- ५,१९,६९८.०

कार्यक्रम कार्यन्वयनको क्रममा देखा परेका समस्याहरु

- दरवन्दी अनुसार नियमितरुपमा पदपूर्ति नहुनु र उपलब्ध जनशक्ति आयोजनाहरुको अस्थायी दरवन्दीमा काजमा खटाउनु

नि. बरिष्ठ वागवानी विकास अधिकृत

- तन्तु प्रजनन प्रयोगशालाको लागि स्थायी दरबन्दी नहुनु
- सुन्तलाजात फलफूलमा देखिएका रोगकिरा
- कागतीको विरुवा मर्ने समस्या
- सिचाईको समस्या
- निजी नर्सरी अनुगमन तथा बडउड प्रविधिबाट बिरुवा उत्पादन/कार्यान्वयन गर्ने निर्देशिका/कार्यविधि नभएको

१३. तोकिए वमोजिमका अन्य विवरणः

ब्रोकाउली, काउली र बन्दाको बेर्ना उत्पादन

सयपत्री तथा अन्य फूलका बेर्ना उत्पादन

१४. अघिल्लो आ. व. (२०७९/०८०) मा सञ्चालन गरिएका कार्यक्रम तथा उपलब्धिहरुः

| क.स. | कार्यक्रम/कृयाकलाप | हासिल भएका मुख्य मुख्य उपलब्धी/प्रतिफलहरु |
|---|---|---|
| सुन्तलाजात फलफूल विकास केन्द्र, पाल्पा | | |
| १ | सुन्तलाजात फलफूल विरुवा विक्री | रु. १७,७०,९९६/-मूल्य बराबरको ४१५५९ वटा सुन्तलाजात फलफूल विरुवा बिक्री बितरण |
| २ | अन्य कृषि जन्य सामग्री विक्री | कफी चेरी २६५ के.जी., जुनार फल १४८६ के.जी., सुन्तला २०१ के.जी., कागती फल १५.५ के.जी., कटहर फल ७४ के.जी. आँप ६५ लि.ची, लिची ४२ के.जी. गरी जम्मा १५८५९५/-मूल्य बराबरको सामग्री बितरण भएको |
| ३ | सुन्तलाजात फलफूल विरुवा उत्पादन | सुन्तला बिजु बिरुवा ५० हजार मध्ये रोग/किरा ले गर्दा हाल ३५ हजार, कागती बिजु ३० हजार मध्ये १० हजार, रुटस्टक बिरुवा १ लाख मध्ये २५ हजार रहेको। कागती कलमी ३६७६, सुन्तला कलमी २३८७, जुनार ७९८ उत्पादन भएको |
| ४ | प्यूठाने रातो मूलाको बीउ उत्पादन | ३६ के.जी. प्यूठाने रातो मूला को बीउ उत्पादन |
| ५ | प्यूठाने रातो मूलाको बीउ बिक्री | रु. पैतालीस हजार (४५०००/-) बराबरको ९० के.जी. मूलाको बीउ बिक्री बितरण |
| ६ | फर्मको जमिनको गरा सुधार | १.५ रोपनी क्षेत्रफलमा सुन्तलाजात फलफूलको क्षेत्र बिस्तार हुने |
| ७ | माउबोट बगैचाको आन्तरिक बाटोमा रिटेनिंग वाल तथा ढलान | उक्त कार्यक्रमले गर्दा मल ढुवानी, बिषादी प्रयोग तथा माउबोट बगैचा अनुगमन एवं निरिक्षणको लागि सहज भएको |
| ८ | टिस्युकल्चर प्रयोगशालाभवन वरिपरी रेटेनिंग वाल निर्माण (निर्माण भै सकेको ल्याब सुरक्षाको लागि ) | तन्तु प्रजनन प्रयोगशालाको सुरक्षा हुने |
| ९ | plant tissue culture lab का कोठा र corridor का लागि Tiles लगाउने कार्य सम्पन्न | तन्तु प्रजनन प्रयोगशालाको स्तरोन्नती तथा ल्याब संचालनको लागि ल्याब ट्रली, ल्याब चेयर, स्वायल अगार, फ्लेम फोटोमिटर, डिजिटल ब्यालेन्स, अटो ब्यूरेट, पेन टाइप पि.एच.मिटर, इन्सेक्ट |

नि. वरिष्ठ वागवानी विकास अधिकृत

| | | |
|---|---|---|
| १० | माटो, बाली संरक्षण, पोमोलोजी ल्याबका लागि आवश्यक फर्निचर फिक्चर्स खरिद | बक्स, इन्सेक्ट नेट, अगारोज, प्राइमरस, माइक्रोसेन्ट्रीफ्यूज टयूव र बक्स, पि.सि.आर.टयूब |
| ११ | माटो, बाली संरक्षण, पोमोलोजी ल्याबको लागि आवश्यक रसायन खरिद | |
| १२ | माटो, बाली संरक्षण, पोमोलोजी ल्याबको लागि अन्य आवश्यक उपकरण खरिद | |
| १३ | plant tissue culture lab मा रसायन र ग्लास्वेर राख्नका लागि rack निर्माण | |
| १४ | मूल गेट देखि तल्लो गेट सम्म ७५ मि. compound wall निर्माण | फर्मको सुरक्षा हुने |
| १५ | Badminton court देखि स्क्रिन हाउस नं.१ सम्म Trail निर्माण | ३० मि. Trail निर्माण ले गर्दा आवतजावत तथा सामग्री ढुवानीमा सहजता |
| १६ | छानासहित कम्पोस्ट खाडल निर्माण कार्य | कम्पोष्ट मल तयारी तथा भण्डारणको लागि ६*२*१.५ मि. कम्पोष्ट पिट निर्माण भएको |
| १७ | भर्मी कम्पोष्ट खाल्टो निर्माण कार्य सम्पन्न | २२०० के.जी. क्षमताको भर्मि कम्पोष्ट निर्माण भई करीब ४०० के.जी. भर्मि कम्पोष्ट मल उत्पादन हुने |
| १८ | अगुवा कृषक तालिम | पाल्पा, अर्घाखाँची, गुल्मी जिल्लाका २१ जना ब्यवसायिक सुन्तलाजात खेती गर्ने अगुवा कृषकहरुलाई स्थलगत रुपमानै सैद्धान्तिक एवं ब्यवहारिक प्राविधिक ज्ञान सिप हस्तान्तरण गरिएको |

१५. सार्वजनिक निकायको वेवसाइट भए सोको विवरणः

***Website: https://cdcpalpa.gov.np***

१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण

नभएको

**१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

भारित प्रगति स्थिती

| खर्च / समूह | तेश्रो त्रैमासिक प्रगति | |
|---|---|---|
| | वित्तीय | भारित |
| पूँजीगत | २६.८२ | ५५.० |
| चालु | ९०.३८ | ९०.० |
| जम्मा | ४२.९१ | ६४.० |

नि. वरिष्ठ बागवानी विकास अधिकृत

बार्षिक बजेट विनियोजन तथा खर्च

| खर्च समूह | विनियोजन/खर्च | विनियोजन तथा खर्च (रू.हजारमा) |
|---|---|---|
| पूँजीगत | बार्षिक विनियोजन | १७७६४.० |
| | तेश्रो त्रैमासिक विनियोजन | ११५८२.० |
| | खर्च | ३१०६.६६७ |
| | प्रतिशत | २६.८२ |
| चालु | बार्षिक विनियोजन | १६८२२.० |
| | तेश्रो त्रैमासिक विनियोजन | ३९२६.० |
| | खर्च | ३५४८.२४ |
| | प्रतिशत | ९०.३८ |
| जम्मा | बार्षिक विनियोजन | ३४५८६.० |
| | तेश्रो त्रैमासिक विनियोजन | १५५०८.० |
| | खर्च | ६६५४.९० |
| | प्रतिशत | ४२.९१ |

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

नरहेको

१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः

कसैबाट पनि लिखित सुचना माग नभएको। तथापी, व्यक्तिगत रुपमा सूचना अधिकारीलाई भेट्न आउनेलाई र फोन मार्फत सम्पर्क गर्नेलाई सूचना एवं जानकारी दिने गरिएको ।

२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

आवश्यकतानुसार स्थानिय एवं राष्ट्रिय दैनिक पत्र ,पत्रिकाहरुमा-website, सामाजिक सञ्जाल का माध्यमहरुबाट प्रकाशन तथा प्रसारण गर्ने गरिएको ।

वरिष्ठ बागवानी विकास अधिकृत